संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - ४४

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : २:००बजे*

*बैठक स्थगित : ४:४६ बजे*

२०७९ साउन १२, बिहीबार (तेस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **चवालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न २:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाद्वारा सर्वसम्मतिले स्वकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथिको दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै सो विधेयकमा ३२ जना माननीय सदस्यहरूबाट ७ समूहमा संशोधन प्रस्तावहरू दर्ता हुन आएको ब्यहोरा समेत जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गोपी बहादुर सार्की आछामी, संशोधन प्रस्तावकर्ता माननीय सदस्य खिमलाल देवकोटा, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय भगवती न्यौपाने, माननीय डा. बेदुराम भुसाल, संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुलप्रसाद विश्वकर्मा, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाल र संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौड्याललाई क्रमशः समय उपलब्ध गराउनुभएपश्चात संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" को सम्बन्धमा पेश भएका संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन समय प्रदान गर्नुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो:

- मा. भैरव सुन्दर श्रेष्ठ
- मा. खिमलाल भट्टराई

- मा. सुरेश कुमार आले मगर
- मा. उर्मिला अर्याल
- मा. जगप्रसाद शर्मा
- मा. गंगा कुमारी बेलबासे
- मा. जितेन्द्र नारायण देव
- मा. भुवन बहादुर सुनार
- मा. माया प्रसाद शर्मा
- मा. प्रमिला कुमारी
- मा. गोमा देवी तिमल्सिना
- मा. दिल कुमारी रावल थापा (पार्वती)
- मा. इन्दु कडरिया
- मा. विमला घिमिरे
- मा. सुमित्रा बि.सी.
- मा. जयन्ती देवी राई
- मा. राजेन्द्र लाक्ष्मी गैरे
- मा. तुलसा कुमारी दाहाल
- मा. इन्दिरा देवी गौतम
- मा. उदय बहादुर बोहरा
- मा. राम चन्द्र राई
- मा. शेखर कुमार सिंह
- मा. राधेश्याम पसवान

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ पेश गर्नुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गोपी बहादुर सार्की आछामीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय गोपी बहादुर सार्की आछामीले उक्त प्रस्ताव फिर्ता लिनुभएकोले निर्णयार्थ पेश गरिरहनु नपरेको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य खिमलाल देवकोटालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय खिमलाल देवकोटाले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएन ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य खिमलाल देवकोटाले राख्नु भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिक (पहिलो

संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय भगवती न्यौपानेलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय भगवती न्यौपानेले आफ्नो संशोधन प्रस्ताव फिर्ता फिर्ता लिनुभएन ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य भगवती न्यौपानेले राख्नु भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय डा. बेदुराम भुसालले उक्त प्रस्ताव फिर्ता लिनुभएकोले निर्णयार्थ पेश गरिरहन नपरेको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य माननीय तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय तुल प्रसाद विश्वकर्माले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएन ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले राख्नु भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय देवेन्द्र दाहालले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएन ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यको तर्फबाट माननीय देवेन्द्र दाहालले राख्नु भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौड्याललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिने चाहना भए उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय प्रदान गर्नुहुँदा माननीय डा. विमला राई पौड्यालले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएन ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौड्यालले राख्नु भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले अस्वीकृत

भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले देहाय बमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

**"प्रस्तावनाः** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात् सम्माननीय अध्यक्षले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै सो छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा समेत जानकारी गराउनुहुँदा देहायका माननीय मा. प्रकाश पन्थले उक्त छलफलमा भाग लिनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको

छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिँदै माननीय सदस्यले उठाएको संशोधन समेत स्वीकार गर्नुभयो । लगत्तै अध्यक्षले उक्त छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरू र माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीले स्वीकार गर्नुभएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरू र माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीले स्वीकार गर्नुभएको संशोधन प्रस्तावलाई "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ६० सम्मका दफालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा विधेयकको दफा २ देखि ६० सम्मका दफालाई सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले देहाय बमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो:

**"प्रस्तावना:** स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउन र ढल निकास र फोहोरपानीको व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **"खानेपानी तथा सरसफाइ ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।"

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुभई विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७९ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>सर्वसम्मति</u>**ले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल साउन २३ गते सोमबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव